# बिश्वासको जीवन Pastor S. James

**Jan. 19th, 2023**

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद प्रभु तपाइले हामीलाइ यो नयाँ शाल २०२३ को १९ तारीख सम्म तपाइको अनुग्रहमा राख्नु भयो ,प्रभु तपाइलाई धन्यबाद । तपाइको वाक्य सत्य र जीवन हो प्रभु । तपाइले सत्य र आत्मामा तपाइको आराधना गर्नेहरुलाइ खोज्नु भएको हो ।परमेश्वर आत्मिक आराधक हुनको लागी हजुरको जीवित वचन चाहिन्छ ।प्रभु मलाइ हाम्रो आत्मिक आखाँ र साथै आत्मिक कान खोलिदिनुस् प्रभु। प्रभु नयाँ जीवन ख्रिष्टको जीवन म मा हुनको लागी हामीलाइ आशिष र अनुग्रह दिनुस् प्रभु । हजुरको शिक्षाको लागी नम्रताको साथमा हामी खडा छौ । येशुको नाममा आमेन*

बिश्वासको जीवनमा पुरानो नियम र नयाँ नियममा फरक हुन्छ । बिश्वासको जीवनको बारेमा ३ ठाउमा लेखेको छ ।

रोमी १:१७ [17] सुसमाचारले मानिसहरूलाई उहाँसँग धार्मिक बन्ने कुरो प्रकट गरेको छ। परमश्वरको बाटोले मानिसहरूलाई शुरूदेखि अन्तसम्म विश्वासद्वारा धार्मिकता तिर डोर्याउँदछ। जस्तो धर्मशास्त्रमा भनिएको छ, "जुन मानिस परमेश्वरको विश्वासमा ठीक रहँदछ उ अनन्त सम्म बाँच्नेछ।"

गलाती ३:११ [11] यसैबाट यो प्रष्ट हुन्छ कि व्यवस्थाद्वारा कसैलाई परमेश्वरमा धार्मिक बनाउन सकिंदैन। "जो मानिस विश्वासद्वारा परमेश्वरसँग ठीक छ, उ सधैं बाँचिरहन्छ।"

हिब्रू १०:३८जो मसित धर्मी छ उसको विश्वासको कारणले जीवन पाउने छ। तर यदि त्यस मानिसले भयले मुख फर्काउँछ भने म उसित प्रसन्न रहनेछैनँ।"

मेरो धार्मिक जन बिश्वास द्धारा नै जिउछ । परमेश्वर भन्नुहुन्छ मेरो जनहरु बिश्वासमा अगाडि अगाडि बढ्नु पर्छ । यदि म बाट टाढा गयो र पछाडि हट्यो भने म उ संग प्रसन्न हुन सक्दिन ।

२ कोरिन्थी ५:७ [7] हामी विश्वासको मार्ग दर्शनमा बाँचेका छौं-जे देख्छौं त्यसले होइन।

बाइबलले भन्छ हाम्रो बिश्वास देखिने कुराको आधारमा होइन । तर मान्छेहरु जे देख्न सक्छन् त्यहि कुरामा मात्र बिश्वास गर्छन् ।

रोमी १०:१७ [17] यसैले सुसमाचार सुनेपछि विश्वास आउँदछ। अनि यदि कसैले मानिसलाई ख्रीष्टको बिषयमा बताए तिनीहरूले सुसमाचार सुन्नेछन्।

संसारमा कुनै कुरामा पनि बिश्वास गर्नको लागी त्यसको बारेमा सुन्न जरुरी छ । सुनेन भने बिश्वास आउदैन त्यसै गरी परमेश्वरमा बिश्वास गर्नको लागी पनि परमेश्वरको बचन सुन्नु पर्छ त्यस पछि मात्र परमेश्वरमा बिश्वास आउछ । परमेश्वरको बचन प्रचार गर्नुको कारण सुनाउनको लागी  हो । सुनेन भने परमेश्वरमा बिश्वास आउन सक्दैन । सुन्दा खेरी ज्ञान पनि आउछ ज्ञानमा मात्र बढेर हुदैन । बिश्वास आउन जरुरी छ ।परमेश्वर पनि हामी संग परमेश्वरको बचनको कति ज्ञान छ त्यो हेर्नु हुन्न । परमेश्वर हाम्रो कति बिश्वास छ त्यो हेर्नु हुन्छ । परमेश्वरमा बिश्वास गर्नको लागी परमेश्वर देखि सुन्नु पर्छ होइनभने परमेश्वरको बारेमा परमेश्वरको जनहरु बाट सुन्नुपर्छ । परमेश्वरले पनि आज सम्म जे जति कुरा गर्नु भयो र गर्नुहुनेछ त्यो सबै बिश्वासमा गर्नुहुन्छ । किनभने परमेश्वरको परमेश्वरमै बिश्वास छ । र परमेश्वर आफ्नै बचनमा बिश्वास गर्नुहुन्छ । परमेश्वरले बिश्वासमा बोलेर यो संसारको सृष्टि गर्नु भयो त्यसैगरी अहिले सम्ममा पनि बिश्वास मानै सबै काम गर्दै हुनुहुन्छ । परमेश्वरले मान्छेलाइ परमेश्वरकै स्वरुपमा र बिश्वासमा नै बनाउनु भएको  हो । र उहाँले बोलेको कुरामा बिश्वास गरेर चल्नको लागी आदमलाइ सृष्टि गर्नु भयो । जीवनमा हामी केहि गर्छौ भने बिश्वासमा नै गरेको उहाँ चाहनु हुन्छ ।

उत्पत्ति २:१७ [17] तर तिमीले त्यस रुखको कुनै फल खानु हुँदैन जसले असल र खराबको ज्ञान दिन्छ, किनभने जुन दिन तिमी त्यस रुखको फल खान्छौ निश्चयनै त्यस दिन तिमी आफै मर्नेछौ।"

परमेश्वरले असल र खराब को ज्ञान दिने फल बनाउनु भयो । र भन्नुभयो सबै रुखको फल खानु तर असल र खराबको ज्ञान दिने रुखको फल चाहि नखानु जुन दिन त्यो खानेछौ निश्चय नै तिमी मर्नेछौ त्यति खेर आदमलाइ मृत्यु के हो थाहाँ थिएन उसले मृत्यु देखेको थिएन । किनकी मान्छे मर्दैन थिए । परमेश्वर चाहनुहुन्थ्यो आदमले मृत्यु के हो थाहाँ नभए पनि परमेश्वरले बोल्नु भएको कुरामा बिश्वास गरेर आज्ञा पालन गरेको । हामीलाइ देख्ने कुरामा बिश्वास पर्दैन बिश्वास नदेखेको कुरामा चाहिन्छ । परमेश्वरले आदमलाइ एउटा मात्र आज्ञा दिनु भयो त्यो आज्ञा आदमले बिश्वास द्वारा पालन गर्नु पर्ने थियो । बचनले भन्छ बिश्वास देखि आउने एउटा आज्ञाकारीता छ ।  बिश्वास नदेखेको कुराको सबुत हो । नदेखेको कुरामा बिश्वास गर्नु पर्दा त्यहाँ सैतान आउछ । सैतान पहिला शंका लिएर आउछ अनि अबिश्वास लिएर आउछ र अबिश्वासको कारण परमेश्वरले भनेको कुराको उल्लघंन गर्छ त्यस पछि पाप आउछ । र पापको कारण मृत्यु आयो । परमेश्वरले बोलेको कुरामा अबिश्वास र शंकां आउनको लागी पनि सुन्नु पर्छ । सुनेन भने अबिश्वास पनि आउदैन । सुनेन भने बिश्वास पनि आउदैन र सैतान आएर नबोलेको भए अबिश्वास र संका पनि आउदैनथ्यो । आदम पापमा खसे पछि परमेश्वर बगैचामा आएर पहिलो सवाल भन्नुभयो आदम तिमी काहाँ छौ ? दास्रो सवाल तिमीलाइ यो सबै

कुरा कसले भन्यो ? आदमले आज्ञा तोड्नुको कारण पनि कसैले भनेको सुनेको कारणले हो भन्ने परमेश्वरलाइ थाहाँ थियो त्यसैले परमेश्वरले प्रस्न आदमलाइ सोध्नु भयो कसले भन्यो ? त्यस पछि नियम आयो व्यबस्था , पाप , मृत्यु एउटा व्यबस्थाको मुनि सबै जना खसे ।

रोमी ५:१२-१४ [12]पाप संसारमा एकजना मानिसको कारणले आएको हो। अनि पापसँग मृत्यु पनि आयो। यसैले गर्दा सबै मानिसहरू मर्नै पर्ने भयो, किनभने सबैले पाप गरेका छन्।
[13]मोशाको व्यवस्था अघि पनि संसारमा पाप थियो। तर त्यहाँ व्यवस्था नभएको भए परमेश्वरले मानिसलाई पापको दोषी ठहरयाउनु हुने थिएन।
[14]तर आदमको समयदेखि मोशाको समयसम्म, सबै मानिसहरूलाई मर्नु नै थियो। आदमले परमेश्वरको आज्ञा पालन नगर्नाले मर्नु पर्यो। तर आदमले जस्तो अन्य मानिसहरूले पाप नगरे तापनि तिनीहरूले मर्नु पर्यो।आदम ख्रीष्ट जस्तै थिए जो भविष्यमा संसारमा आइरहेका थिए'।

बचनले भन्दछ एक जना मान्छे द्वारा संसारमा पाप आयो । र त्यस पछि मृत्यु सबै मानिसहरुमा फैलियो । ब्यबस्था त मोसाले लिएर आयो आदम देखि मोसा सम्म ब्यबस्था छैन र पनि संसारमा पाप आयो र मान्छेहरुमा मृत्युको दण्ड आयो । मृत्युको दण्डको अगाडी एउटा मात्र ब्यबस्था थियो कि असल र खराब रुखको फल नखानु भनेको फल आदमले खाएको कारण त्यो ब्यबस्था मुनि हामी सबै जन्मेको कारण हामी सबै मर्यौ । आदम देखि मोसा सम्म मृत्युले साशन गर्यो । किन ? आदम देखि मोसा सम्म भनेको किनभने मोसा जब ब्यबस्था लिएर आयो पापको दण्ड मृत्यु हो । त्यो मृत्यु अलिक पछाडि गयो । तर मोसाले अस्थायि प्रायस्चित लिएर आयो ।

लेवि १७:११ [11]किन? किनभने शरीरको प्राण रगतमा हुन्छ मैले यो तिमीहरूलाई वेदीमा आफूलाई शुद्धपार्न दिएकोछु, कारण रगतले नै मानिसहरूलाई शुद्ध पार्छ।

ब्यबस्थाले प्रायस्चितको लागी रगत दियो । मृत्यु भन्नाले जीवनको अन्तमा मर्ने कुरा मात्र होइन । हामी जीउदै हुदा खेरी हाम्रो आशिषहरु छिनेर लिएर जान्छ । प्रायस्चित नै छैन । जब ब्यबस्था आए पछि अस्थायि प्रायस्चितको रुपमा रगत परमेश्वरले दिनुभयो त्यसको मतलब यो हुन्छ कि हामीलाइ आशिष र जीवन दुबै दिनुभएको हो ।

ब्यबस्था ३०: [19]"आज मैले तिमीहरूलाई स्वर्ग र पृथ्वीलाई साक्षी राखेर दुइवटा ढुङ्गाहरूबाट एउटा रोज्नु लाउँदैछु। जीवन अथवा मृत्यु रोज्न सएछौ। पहिलो रोजाइ आशीर्वाद ल्याउँछ, अनि अरू रोजाइ सराप यसकारण जीवनलाई रोज। तब तिमी अनि तिमीहरूको नानीहरू बाच्ने छन्

पहिला त मृत्यु मात्र थियो आदम देखी मोसा सम्म मृत्युले शाषण गरीरहेको थियो । प्रायस्चित छैन जब ब्यबस्था आयो परमेश्वरले ब्यबस्था संगै प्रायस्चित पनि दिनु भयो । असल र खराब राख्नु भएको थियो असल र खराब त खाइसक्यो अब परमेश्वरले जीवन र मृत्यु राखिदिनु भएको छ परमेश्वर भन्नुहुन्छ तिमी नै रोज जीवन लिने हो कि मृत्यु ?

[16]म तिमीहरूलाई परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्ने र उहाँका आज्ञाहरू पालन गर्ने, उहाँको विधि तथा नियमहरू अनुसरण गर्ने आदेश दिन्छु। परमप्रभु तिमीहरूका परमेश्वरले दिने भूमि आफ्नो बनाउनको निम्ति प्रवेश गररिरहेका छौ त्यहाँ परमप्रभुले आशिष दिनु हुनेछ र त्यहाँ तिमीहरू बसो-बास गर्नेछौ अनि तिमीहरूका सन्तान फिंजिनेछन्।

सबै आशिषका कुराहरु हुन् । यो हो जीवन यदि आज्ञाहरु उल्लङघण गर्यो भने के हुन्छ ?

[17]तर यदि तिमीहरूले परमप्रभुको आज्ञा पालन गरेनौ अनि अट्टेरी गरेर अन्य देवताहरूको सेवा र पूजा गर्यौ भने,
[18]तब तिमीहरू ध्वंश हुनेछौ। म तिमीहरूलाई चेताउनी दिन्छु यदि तिमीहरूले परमप्रभुलाई अमान्य गर्यौ भने यर्दन नदीपारि पट्टिको भूमि जुन तिमीहरू आफ्नो बनाउन प्रवेश गर्न लागेका छौ त्यहाँ धेरै बाँच्ने छैनौ।

फेरी सैतान अबिश्वास र संका लिएर आउछ र फेरी त्यहि जगामा तानेर लिएर गयो भने उसको जीवनमा नासै हुन्छ । आशिषको लागी रगत दिएको छ जीउन सक्छ तर सैतानको कुरा सुनेर उता पट्टि गयो भने जीउन सक्दैन ।

[19]"आज मैले तिमीहरूलाई स्वर्ग र पृथ्वीलाई साक्षी राखेर दुइवटा ढुङ्गाहरूबाट एउटा रोज्नु लाउँदैछु। जीवन अथवा मृत्यु रोज्न सएछौ। पहिलो रोजाइ आशीर्वाद ल्याउँछ, अनि अरू रोजाइ सराप यसकारण जीवनलाई रोज। तब तिमी अनि तिमीहरूको नानीहरू बाच्ने छन्।
[20]तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्नै पर्छ र उहाँका आज्ञा पालन गर्नै पर्छ। उहाँलाई कहिलै त्याग नगर किनभने परमप्रभु नै तिमीहरूका जीवन हुनु हुन्छ। तब परमप्रभुले तिमीहरूका पिता-पुर्खाहरूः अब्राहाम, इसहाक र याकूबसित गर्नु भएको प्रतिज्ञा अनुसार पाएको भूमिमा उहाँले दीर्घायु जीवन दिनुहुनेछ।"

आदम देखि मोसा सम्म र मोसा देखि ख्रिष्ट सम्म

युहन्ना १:१७ [17]मोशाबाट व्यवस्था प्रदान गरिएको थियो तर अनुग्रह र सत्यको बाटो येशू ख्रीष्टबाटै आयो।

तिन ओटा युग छ । आदम देखि मोसा सम्मको युग , मोसा देखि ख्रिष्ट सम्मको युग र ख्रिष्ट देखि अनन्त काल सम्मको युग ।

आदम देखि मोसा सम्म मृत्युको शासन हो । मोसा देखि ख्रिष्ट सम्म मृत्युलाइ अलि पछाडि हटायो किनभने ब्यबस्था आए पछि ब्यबस्थाले प्रायश्चितको एउटा बाटो बनायो । र ख्रिष्ट देखि अनन्तको युगमा जोजो ख्रिष्ट संग छ त्यसले अनन्त काल सम्मको लागी मृत्यु माथि बिजय गर्छ । र मृत्युले उसको जीवनमा शासन गर्दैन । जो जो बिश्वासमा आयो असल बिश्वास भन्नाले के हो?

युहन्ना १: १२ [12]केही मानिसहरूले मात्र उहाँलाई स्वीकार गरे। ज-जसले उहाँलाई स्वीकार गरे उनीहरूलाई मात्र परमेश्वरको सन्तान हुने अधिकार उहाँले दिनुभयो।

हामीले येशुलाइ स्वीकार गर्नु पर्छ । मनले होइन धेरै मान्छेहरु म येशुलाइ मान्छु भन्छन् तर वास्तबमा येशुलाइ ग्रहण गरेको हुदैनन् । मान्छेले धरम परिबर्तन गर्छन् मनले सोच्छन् यो त ठिक हो तर बिश्वासको जीवन भनेको धरम परिबर्तन होइन यो त जीवन परिबर्तन हो जसमा धरमलाइ स्वीकार गर्ने होइन येशु ब्यक्तिलाइ स्वीकार गर्नु हो । जसले येशुलाइ ग्रहण गरे उनीहरुलाइ परमेश्वरको छोरा छोरी हुने अधिकार दियो । धेरै मानिसहरु उनीहरुको दिमाखले भन्छ हो मलाइ येशु मन पर्छ उहाँको शिक्षाहरु राम्रा छन् । भनेर भन्छन् तर हृदयले येशु मशिहलाइ ब्यक्तिगत रुपमा उद्धार कर्ताको रुपमा स्वीकार गर्दैनन् । बुद्धलाइ स्वीकार गर्न सक्दैन बुद्धिष्टको नियमहरु स्वीकार गर्न सक्छ त्यसैगरी मोहमदलाइ स्वीकार गर्न सक्दैन मुस्लिमको नियमहरुलाइ स्वीकार गर्न सक्छ । सबै धरममा ब्यक्तिलाइ स्वीकार गर्न सक्दैन । धरमको नीयमहरु पालन गर्न सक्छ तर खिष्ट्रियनलाइ स्वीकार गर्न सक्दैन  खिष्टलाइ स्वीकार गर्नु पछ खिस्टियनको पहिलो सुरुवात नै येशुलाइ स्वीकार गर्नु हो । नियमहरु हेइन ।

रामी ८:९ [9]तिम्रो लागि, यदि परमेश्वरको आत्मा तिमीमा बस्छ। तिमी आफ्ना पापपूर्ण स्वभावबाट नियन्त्रित छैनौ, तर आत्माबाट छौ। तर यदि कसैमा ख्रीष्टको आत्मा छैन भने उ ख्रीष्टसित हुँदैन।

खिष्टको आत्मा हामीमा छ कि छैन यो हो असल सबुत । यो हो बिश्वासीको जीवनको शुरुवात , खिष्टको आत्मा आयो त्यस पछि

युहन्ना १४:६ [6]येशूले भन्नुभयो, "म नै बाटो हुँ, सत्य र जीवन म नै हुँ। पिताकोमा जाने माध्यम हुँ।

येशुले भन्नुभयो म हु बाटो , सत्य र जीवन जब पबित्र आत्मा हाम्रो भित्र आउदा खेरी

गलाती ५:१६ [6]यसैले म भन्छुः आत्मा अनुसार बाँच। त्यसो गर्यौ भने तिम्रा पापपूर्ण स्वभावले चाहेको खराब काम गर्ने छैनौ।

पबित्र आत्मा नै भयो बाटो ।

१युहन्ना ५:६ [6]येशू ख्रीष्ट "उही नै" हुनुहुन्छ जो रगत र पानीसित आउनु भयो। येशू पानीबाट मात्र आउनु भएन। येशू पानी अनि रगत दुबैबाट आउनु भयो। अनि आत्मा नै एक छ जसले यो परिक्षा गर्छ। आत्मा सत्य हो।

आत्मा हो बाटो अनि आत्मा हो सत्य

रोमी ८:१० [10]किनभने तिमीहरूको शरीर पापले गर्दा मरेकोछ। तर यदि तिमीमा ख्रीष्ट हुनुहुन्छ भने, तब आत्माले जीवन दिंदछ जस्तो ख्रीष्टले तिमीहरूलाई परमेश्वरसित धर्मी तुल्याउनु भयो।

आत्मा नै हो जीवन ।येशुले भन्नुभयो म हु बाटो ,सत्य र जीबन जब येशुको आत्मा हामीमा आउनुहुन्छ त्यहि येशुको आत्मा हाम्रो जीवनको लागी बाटो , सत्य र जीवन बन्नुहुन्छ । हाम्रो हातमा परमेश्वरको बचन छ त्यो बचन हामीलाइ आत्माले सिकाउछ ।

युहन्ना १४:२६ [26]तर सहायकले सबै कुराहरूको शिक्षा दिनेछन्। सहायकले मैले जे भने ती सबै कुराहरू सम्झना गराउनेछ। त्यो सहायक नै पवित्र आत्मा हो जसलाई पिताले मेरो नाममा पठाउनु हुनेछ।

आत्माले हामीलाइ सबै कुरा सिकाउनु हुनेछ यसको मतलब सिकाउने आत्मा भित्र हुनुहुन्छ बाहिर होइन ।

युहन्ना १६:१३ [13]तर जब सत्यको आत्मा आउँदछ, उहाँले भविष्यका कुराहरू घोषणा गर्नु हुनेछ। उहाँले आफ्नो कुराहरू भन्नु हुनेछैन् उहाँले जे सुन्नु हुन्छ त्यही बताउनु हुन्छ।

जब सत्यको आत्मा आउनुहुनेछ आत्माले हामीलाइ सत्यमा डोर्याउनुहुनेछ । आत्माले  दुइ वटा तरीकाले सिकाउनुहुन्छ । जो बचनको शिक्षा दिने मान्छेहरुलाइ अभिशेक दिनुहुन्छ ।

लुका ४:१८ [18]परमप्रभुको आत्मा ममथि छ। परमेश्वरले मलाई अभिषेक गर्नुभएकोछ, केही पनि नभएका मानिसहरूमा सुसमाचारहरू सुनाउनलाई परमेश्वरले मलाई घोषणा गर्नु पठाउनु भएकोछ, कैदीहरूलाई मुक्त पार्न अनि अन्धो मानिसहरूलाई देख्न सक्ने पार्न अनेकौं यातनामा पिल्सिएका मानिसहरूलाई मुक्त पार्न परमेश्वरले मलाई पठाउनु भएकोछ।

येशुले भन्नुभयो म शिक्षकको रुपमा म आएको छु । त्यो शिक्षा दिनको लागी प्रचार गर्नको लागी मलाइ पबित्र आत्माले अभिशेक गर्नु भएको छ । त्यसकारणले सबै भन्दा पहिला पबित्र आत्माले प्रचारकहरुलाइ अभिशेक गर्नुहुन्छ । दोस्रोमा आत्माले शिक्षा लिनेहरुलाइ , सुन्नेहरुलाइ अभिशेक गर्नुहुन्छ ।

१ युहन्ना २:२० ,२७ [20]तिमीहरुसित पवित्र "एक"ले प्रदान गर्नु भएको बरदान छ। यसर्थ तिमीहरु सबैले सत्य जान्दछौ।

[27]ख्रीष्टले तिमीहरुलाई विशेष उपहार दिनु भएको छ। यो उपहार तिमीहरुसित अझ छ। यसर्थ तिमीहरुलाई कसैँबाट शिक्षा लिन आवश्यक पर्दैन। उनले तिमीहरुलाई दिएको उपहारले हरेक कुराको बारेमा सिकाउनु हुनेछ। यो उपहार सत्य छ, यो झूटो छैन। यसर्थ जस्तो त्यो उपहारले तिमीहरुलाई सिकाएको छ त्यसैमा अडी बस।

यहाँ युहन्ना शिक्षक हो । जसको माथि अभिशेक छ । र युहन्नाले तिनीहरुलाइ भन्छन् म माथि अभिशेक छ र तिमीहरु प्रत्येक जसले शिक्षा लिन्छ उसको माथि पनि आत्माको अभिशेक आउछ । संसारको कक्षा सबै ज्ञानको माथि हो । आत्मिक कक्षामा मण्डलिमा शिक्षक र बिध्यार्थी दुबैको माथि ज्ञान होइन आत्माको अभिशेक हुनुपर्छ । आत्मा बिना ज्ञानले मात्र उद्धार आउदैन र साथै हाम्रो माथि भएको सैतानको युक्तिहरु तोड्दैन । त्यसकारणले आत्माको अभिशेक शिक्षा दिने र शिक्षा लिने दुबै माथि हुन जरुरी छ । प्रचार सुन्ने अर्थात शिक्षा लिने मान्छे आत्माको अभिशेकमा शिक्षक द्धारा शिक्षा लिएर लिएर एक दिन उसलाइ शिक्षाको जरुरत पर्दैन पछि गएर आत्माको अभिशेकमा आफै सिक्न सक्छ मतलब आत्मा उसलाइ डाइरेक्ट सिकाउनुहुन्छ । हामीले येशुको चेलाहरुलाइ हेर्ने हो भने येशुले चेलाहरुलाइ तिन शाल सिकाउनु भयो । र त्यसपछि उनीहरुलाइ सिकाउनु भएन त्यस पछि आत्माले अभिशेक भएर अरुहरुलाइ सिकाउन थाले , र प्रचारक बने । पावललाइ पनि परमेश्वरले तिन शाल सिकाउनु भयो । त्यस पछि अभिशेकमा नै चले यसरी नै जीबन भरी हामीलाइ शिक्षकको जरुरत पर्दैन आत्माको अभिशेकले हामीलाइ सिकाउनुहुन्छ । पबित्र आतमा उहाँको अभिशेक द्धारा बचन को शिक्षा दिने र बचनको शिक्षा लिने दुबैलाइ उहाँको अभिशेक द्धारा सिकाउनु हुन्छ । यो आत्माको अभिशेक हामीले माग्नु पर्छ अनि आत्मामा बिश्वास गर्नु पर्छ ।

लुका ४:१८ [18]परमप्रभुको आत्मा ममथि छ। परमेश्वरले मलाई अभिषेक गर्नुभएकोछ, केही पनि नभएका मानिसहरूमा सुसमाचारहरू सुनाउनलाई परमेश्वरले मलाई घोषणा गर्नु पठाउनु भएकोछ, कैदीहरूलाई मुक्त पार्न अनि अन्धो मानिसहरूलाई देख्न सक्ने पार्न अनेकौं यातनामा पिल्सिएका मानिसहरूलाई मुक्त पार्न परमेश्वरले मलाई पठाउनु भएकोछ।

कैदिहरु भनेको उनीहरुको जीवनमा धेरै समस्या , क्लेस र असान्तिले घेरेको हुन्छ । र उनीहरुको प्राण पुरा टुटेको हुन्छ । जब सम्म उनीहरुको यि चिजहरुबाट उद्धार र चगांइ हुदैन भने उनीहरुलाइ जे भने पनि उनीहरुले बुझ्न सक्दैनन् । यदि हाम्रो खुट्टामा चोट लागेको छ भने हामी हिड्न सक्दैनौ पहिला खुट्टाको चोट निको हुनु पर्छ । आत्माको अभिशेकमा चल्नु भन्दा अगाडि परमेश्वर पहिला हाम्रो प्राणमा भएको चोटलाइ ठिक गर्नुहुन्छ । दुष्टको बन्धनहरुलाइ तोडेर छुटकारा दिनुहुन्छ । अन्धाहरु भनेको आत्मिक आखाँ बन्द भएको भनेको हो आत्मिक आखाँले जे जे देख्न सक्छ ।यदि हामी आत्मिक अन्धा भयौ भने त्यो चिजहरु देख्न सक्दैनौ । परमेश्वरले हामीलाइ आत्माको अभिशेक द्धारा हाम्रो आत्मिक आखाँ खोलिदिनुहुन्छ । त्यस पछि परमेश्वरले हामीलाइ देखाउनुभएको कुरा हामी देख्न सक्छौ । त्यसै गरी  शिक्षाको माथि अभिशेक छैन भने त्यसले जति सुने पनि त्यसले बुझ्न सक्दैन ।  यदि शिक्षाको माथि अभिशेक छ भने हाम्रो आत्मिक आखाँ खुल्छन् जसले गर्दा हामी धेरै भन्दा धेरै कुराहरु देख्न र बुझ्न सक्छौ । त्यस पछि हामी स्वतन्त्रता देखि स्वतन्त्रतामा हामी चल्न सक्छौ । त्यस पछि हामीहरुको जीवनमा बिश्वास आउछ र परमेश्वरको जस्तै बिश्वासमा हामी पनि चल्न सक्छौ । बिश्वास भन्यो भने एउटा जीवननै हो । बिश्वासको जीवन भनेको अलग्गै जीवन हो । पहिला हामी संसारको आखाँले देखेको अनुसारले चलेको जीवन हो । बिश्वासको जीवनमा पनि नियमहरु छन् ।

रामी ३:२७ [27]यसकारण हामीले आफैले त्यस्तो घमण्ड गर्ने कुनै ठाउँ छ? अहँ, कुनै ठाउँ छैन। किन ठाउँ छैन? किनभने यो विश्वासको मार्ग हो अथवा व्यवस्थाको मार्ग हो।

बिश्वासको सिद्धान्तहरु छन् । हामी पहिला संसारमा संसारको जीवन जीएका थियौ । अब हामी खिष्टमा आयौ अब खिष्टको सिद्धान्त हामीमा हुनुपर्छ । कामको बिना बिश्वास मरेको बिश्वास हो । सुसमाचारको प्रचार मण्डलिको बाहिर हुनुपर्छ । मण्डलिमा बचनको शिक्षा हुनुपर्छ । बिश्वास नआएको मान्छेले बिश्वासको सिद्धान्तहरु बुझ्न सक्दैन । प्रेरितको पुस्तकमा लेखेको छ । सुसमाचार सुनेर बिश्वासमा आए र ३००० जनाले बप्तिष्मा लिए त्यस पछि प्रेरितको शिक्षाको लागी आए । बिश्वासको नियमहरु हामीले सिकेन भने आइतबारको दिन बिश्वासी अनि बाकि दिन संसार कै नियममा चल्छ ।

रोमी ८:१-२सैले, अब जो-जो ख्रीष्ट येशूका साथ छन् उनीहरूलाई दोषी ठहरइने छैन।
[2]किन म दोषी भनेर मानिन्नँ? किनभने ख्रीष्ट येशूमा, जीवनदाता आत्माको विधान जसले जीवन ल्याँउछ त्यसले मलाई मुक्ती दियो। त्यो विधान जसबाट पाप र मृत्यु आउँछ त्यसबाट पनि मलाई मुक्ति दियो।

खीष्ट येशुमा भएकाहरुलाइ दण्डको आज्ञा छैन । यहाँ दुइ वटा ब्यबस्थाको बारेमा लेखेको छ । एउटा पाप र मृत्युको ब्यबस्था र अर्को जीवनको आत्माको ब्यबस्था । बिश्वासको जीवन भनेको जीवनको आत्माको ब्यबस्था हो । यो ब्यबस्थाले हामीलाइ पाप र मृत्यु बाट बचाउछ । यदि हामी पबित्र आत्माको सिद्धान्तमा हामी जीउको हो भने संसारको सिद्धान्त हाम्रो जीवनमा काम गर्दैन ।

युहन्ना ११:२५-२६ [25]येशूले उनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ।" जुन मानिसले ममा विश्वास गर्दछ ऊ मरे पनि उसले जीवन पाउने छ। [26]अनि जुन मानिस ममा बाँच्छ

अनि ममा विश्वास गर्छ उ वास्तवमा कहिल्यै मर्ने छैन। मार्था, तिमी यसमा विश्वास गर्छ्यौ?"

येशुले भन्नुभयो मलाइ बिश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ । जुन क्षण येशुमा बिश्वास गर्‍यो त्यहि क्षण परमेश्वरको उपस्थितीमै जान्छ । किनकी आत्माको जीवनमा उसले प्रवेश गर्‍यो ।

प्रकास २०:१३-१४ 13 समुद्रले ती मृत मानिसहरुलाई छोडि दियो जो त्यसमा थिए। मृत्यु अनि पातालले तिनीहरुसंग भएका मृत मानिसहरु दिए। प्रत्येक मानिसलाई उसले गरेका कर्मको आधारमा न्याय गरियो।
14 अनि मृत्यु एवं पातालेलाई अग्नि-कुण्डमा हालियो। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो।

जो येशुमा बिश्वास गर्दैन अहिले पनि मरे पछि अग्नि कुण्डमा नै जान्छ । मृत्यु भनेको एक आत्मा हो । जब हाम्रो जीवनमा येशु आउनुहुन्छ भने त्यो मृत्युको शक्ति जान्छ । जो येशुमा बिश्वास गर्छ त्यो बिश्वासी समुन्द्रमा मरे पनि जहि मरे पनि सिधै परमेश्वरको मा जान्छ । त्यो बिश्वासी कहिले पनि मर्दैन । पाप र मृत्यु को नियम जीवनको आत्माले तोडिदिनुभयो । यो हो बिश्वासको काम । जसमा मृत्यु माथि डर नै हुदैन । कारण मृत्यु भन्नाले हामी आफ्नो घर गएको हो । जाहाँ हाम्रो बाबा हुनुहुन्छ । यहि कुरा हो येशुले भन्नु भएको येशुले भन्नुभयो म हु जीवन यहि मृत्युको माथि जितेको जीवन जो येशुले लिएर आउनुभयो । मृत्यु एक आत्मा हो जो संग धेरै आत्माहरु आउछन् । एउटा दुष्ट आत्मा हो । डरको आत्मा , निरासाको आत्मा र साथै धेरै धेरै आत्मा छन् यो सबै मृत्युको आत्मा संगै आउछन् । यदि हामीले मृत्युको आत्मालाइ जित्यौ भने यो सबै आत्मालाइ जित्न सक्छौ । सैतान त चोरी गर्न , मार्न र नास पार्न आउछ तर येशु त जीबन पाओस त्यो पनि प्रसस्त मात्रा मा पाओस भनेर यस संसारमा आउनु भयो । परमेश्वरले हामीलाइ एक दिनमा २४ घण्टा दिनुभएको छ जिउनको लागी एक ब्यक्ति ८ घण्टा सुत्यो भने बाकि १६ घण्टा बाकि छ । त्यो १६ घण्टामा ८ घण्टा निरासामा बितायो भने निरासाको आत्मा सैतानले ८ घण्टा हाम्रा जीवन बाट चोर्छ । निरन्तर हाम्रो समय चोरी गरी नै रहन्छ । समय भनेको जीवन हो । मतलब जीवन नै चोरी गर्छ । त्यसैले हामीलाइ सैतानको युक्तिहरु थाहाँ हुन जरुरी छ । हामी ब्यबस्थाको मुनि होइन हामी अहिले जीवनको आत्माको मुनि हो । त्यसकारणले पुरानो नियम पढ्दा खेरी खीष्टलाइ खोज्नु पर्छ । सबै भन्दा पहिला नयाँ नियम पढ्नु पर्छ । नयाँ नियम पढेर पढेर खिष्ट हाम्रो जीवनमा बढ्नु हुन्छ त्यस पछि मात्र पुरानो नियम पढ्नु पर्छ । र त्यसले मात्र पुरानो नियममा खिष्टलाइ देख्न सक्छ । होइनभने हामी ब्यबस्थाको मुनि जान्छौ ब्यबस्थाले श्राप र मृत्यु लिएर आउछ । पहिलाको जस्तो मृत्यु होइन र पनि हाम्रो जीवनमा जीवनको शाषण होइन मृत्युको शाषण नै चल्छ । यहोशुको पुस्तक बाट हामी पहिलो पुस्ता मिश्र देशबाट आएको दोस्रो पुस्ताले प्रतिज्ञाको देश कसरी कब्जा गरे त्यसमा पनि एउटा सिद्धान्त छ । उनीहरुको त्यो सिद्धान्त बाट हामी सिक्न सक्छौ । नयाँ नियमको खिष्टमा बिश्वास द्धारा जन्मेको एउटा बिश्वासी कसरी खिष्टमा बढ्न सक्छ त्यो हामीले येहोशुको पुस्तक द्धारा सिक्न सक्छौ ।

येहोशु १:८ [8]त्यस व्यवस्थाको पुस्तकमा लेखिएका कुराहरू सदैव याद राख। दिन-रात त्यस पुस्तकको अध्यान गर। तब तँ त्यसमा लेखिएका कुराहरू पालन गर्न निश्चित हुने छस्। यदि तैंले यसो गरिस् भने तँ ज्ञानी बन्ने छस् अनि तैंलेजे कुरा गर्छस् त्यसमा सफल हुने छस्।

यसमा तिन कुराहरु लेखेको छ । पहिलो ब्यबस्थाको पुस्तकमा दिन रात ध्यान गर्नु पर्छ । दोस्रोमा मुख खोलेर पढ्नु मतलब परमेश्वरको बचन बोल्नु र तेस्रोमा त्यसको अनुसार गर्नु । हामीले जीवन र मृत्यु बोलि बाट चुन्न सक्छौ त्यसैले के बोल्छौ त्यसमा ध्यान दिनु पर्छ । यो हो येहोशुले भनेको कुरा । यो सबै कुरा हाम्रो जीवनमा हुनुपर्छ । हामीले परमेश्वरको बचनमा दिन रात ध्यान दिनु पर्छ , मुखले बोलेर पढ्नु पर्छ र त्यसको अनुसार गर्नु पर्छ । तर ब्यबस्थामा होइन

रामी १०:४ [4]ख्रीष्टले व्यवस्था समाप्त गरिदिनुभयो ताकि प्रत्येक मानिस जसले विश्वास गर्छ उ धर्मी हुन सक्छ।

खीष्ट ब्यबस्थाको अन्त हुनुहुन्छ भने हामीले दिन रात खीष्टमानै ध्यान दिनु पर्छ । ब्यबस्थामा होइन । नयाँ नियमको ब्यक्ति जसले खीष्टलाइ बिश्वास गरेर नयाँ जीवन पाएको ब्यक्ति परमेश्वरको बचन पुरानो नियम होस् या नयाँ नियम उसले खीष्टलाइ नै खोज्दछ । किनकी खीष्ट नै ब्यबस्थाको अन्त र जीवन हुनुहुन्छ । हामीले पुरानो नियमलाइ खीष्ट द्धारा पढ्ने हो भने मोशामा , इसहाकमा , याकुबमा , यहोशुमा , युसुफ अब्राहाम आदि सबैमा खीष्ट हुनुहुन्थ्यो । परमेश्वरले भन्नुभयो मेरो ब्यबस्थामा दिन रात ध्यान दिनु र त्यसको अनुसार गर्नु । हामीले त्यहि गर्नु पर्छ खीष्ट त ब्यबस्थाको अन्त हुनुहुन्छ भनेता त्यहि हामीले मान्दा अब दिन रात खीष्टमा ध्यान दिनु पर्छ र साथै उहाको अनुसार अर्थात खिष्टको अनुसार गर्नु पर्छ । हामीले दिन रात सोच्नु पर्छ । म होइन म मा भएको खीष्ट के गर्नुहुन्छ ? ब्यबस्था के भन्छ ? त्यो होइन येशु के भन्नुहुन्छ ? त्यो हामीमा हुनुपर्छ ? यी सबै कुराहरु हाम्रो जीवनमा भयो भने हामीलाइ येशुमा कसरी बढ्नु पर्छ पबित्र आत्मा हामीलाइ सिकाउनु हुन्छ ।

युहन्ना १६:१३-१४ [13]तर जब सत्यको आत्मा आउँदछ, उहाँले भविष्यका कुराहरू घोषणा गर्नु हुनेछ। उहाँले आफ्नो कुराहरू भन्नु हुनेछैन् उहाँले जे सुन्नु हुन्छ त्यही बताउनु हुन्छ।
[14]सत्यको आत्माले मकहाँ महिमा ल्याउनु हुनेछ। कसरी? उसले मबाट कुराहरू पाउने छन् र तिमीहरूलाई ती सबैकुरा व्याख्या गर्नेछन्। सबै कुराहरू जो पितासंग छन् ती सबै मेरा हुन्।

पबित्र आत्मालाइ पनि क्रम थाहाँ छ । पबित्र आत्मा आफै हामी संग बोल्नुहुन्न । पिताले जे बोल् भन्नु हुन्छ । त्यहि मात्र आत्माले बोल्नुहुन्छ । पिताले पुत्र संग सबै कुरा भन्नु हुन्छ त्यस पछि पुत्रले आत्मालाइ र आत्माले हामीहरुलाइ भबिस्यबाणिको कुरा गरेको होइन साधारन हाम्रो जीवनको कुरामा हामी संग बोल्नुहुन्छ । पबित्र आत्माले येशुको महिमा गर्नुहुन्छ । हाम्रो प्रस्न गलत भयो भने हामीले उत्तर पनि गलतनै पाउछौ । यो पद अनुसार म भनेको को हो ? यो हामीमा भएको पुरानो ब्यक्ति हो । हामीले जब प्रार्थनामा हामीले भन्ने कुरा मलाइ यो यो कुरा चाहिएको छ । तपाइले मलाइ दिनुस् । मेरो लागी यो यो गर्नुस् त्यसको मतलब को जिएको मै जिएको । नयाँ नियमको ब्यक्ति जीउदा उ र उसको बिचार जीउदैन उसमा खीष्ट जीउनु हुन्छ । बिश्वासको सिद्धान्त छ । बिश्वास सुनाइ बाट आउछ र सुनाइ खीष्टको बचन बाट आउछ । खीष्टको बचन बाट हामीलाइ सुनाउने पबित्र आत्मा हुनुहुन्छ । पबित्र आत्माले खीष्टको जीबन बाट मेरो जीवनमा के के हुनुपर्छ त्यहि त्यहि देखाउनु हुन्छ । पबित्र आत्माले खीष्टको मात्र महिमा गर्नुहुन्छ ।

१कोरिन्थी ११:३ [3]म चाहन्छु कि तिमीहरूले यो पनि जानि राखः प्रत्येक मानिसको शिर ख्रीष्ट हुनुहुन्छ। अनि स्त्रीको शिर पुरुष हो। र ख्रीष्टको शिर परमेश्वर हुन्।

येशुले भन्नुभयो म हो बाटो जब संसारमा येशु देहदारी भएर आउनुभयो ।उहाँले एउटा बाटो देखाउनु भयो कि येशुको शिर परमेश्वर पिता हुनुहुन्छ । येशुले यो संसारमा आएर आफ्नै इच्छाको द्वारा जीवन बिताउनु भएन उहाँले आफ्नो जीवन परमेश्वरमा बिश्वास द्वारा अर्थात पिताको इच्छा द्वारा बिताउनु भयो । उहाँले हामीलाइ एउटा बाटो देखाउनु भयो कि हामी पनि त्यसरी नै परमेश्वरमा बिश्वास गरेर र उहाँको इच्छा अनुसार जीउनको लागी त्यसै गरी पबित्र आत्मा पनि हामीलाइ त्यहि कुरा सिकाउनुहुन्छ जुन कुराहरु येशुले सिकाउनु भयो । मान्छेको शिर येशु हुनुहुन्छ र येशुको शिर परमेश्वर पिता हुनुहुन्छ । हाम्रो शरीर शिर अनुसार नै जीएको शरीर पुरै शिरले कन्ट्रोल गर्छ ।

हिब्रु१०:५-७4 किनकि बहर र बाख्राहरूको रगतले पापहरू पखाल्न सक्दैन।
5 तसर्थ जब येशू पृथ्वीमा आउनुभयो उहाँले भन्नुभयो "तपाईं बलि र भेटीहरू चाहनुहुन्न, तर तपाईंले मेरा निम्ति एउटा शरीर तयार गर्नुभयो।
6 बलि चढाइएका र डढाइएका पशुहरूले तपाईं प्रसन्न हुनुहुन्न। पापहरू पन्छाउन चढाइएका बलिले तपाईं प्रसन्न हुनुहुन्न।
7 तब मैले भने, 'परमेश्वर म यहाँ छु। व्यवस्थाको किताबमा मेरो बारे लेखिएको छ। तपाईंले चाहेको काम गर्न म आएको

येशुले भन्नुभयो तपाइले एउटा शरीर तयार गर्नुभयो ।पुस्तकको मुठोमा लेखेको छ कि येशु परमेश्वर पिताको काम पुरा गर्नको लागी आउनु भयो । उहाँ आफ्नै इच्छा पुरा गर्नको लागी आउनु भएको होइन ।

रोमी १२:१-२ सैले दाज्यू-भाइहरू र दिदी-बहिनीहरू, केही गर भनेर म बिन्ती गर्दछु। परमेश्वरले हामीलाई ठूलो दया देखाउनुभयो। यसकारण परमेश्वरलाई प्रसन्न गर्दै आफ्नो जीवनलाई जीवित बलिदानको रूपमा अर्पण गर। यही तिमीहरूको आत्मिक उपासना हो।
2 सांसारिक स्तरमा आफूलाई परिवर्तन नगर। तर विचारको नयाँ बाटो अप्नाएर आफूलाई आन्तरिक रूपले परिवर्तन गर। अनि त्यसपछि तिमीहरू राम्रो के हो, उहाँलाई के मन पर्छ र सम्पूर्णता के हो, आफै परमेश्वरको इच्छा पत्तो लाउन सर्मथ हुने छौ।

पहिला हामी हाम्रो शरीर परमेश्वरलाइ अर्पण गर्नु पर्छ । अर्थात हाम्रो शरीर तयार गर्नुपर्छ । दोस्रोमा संसारको ढाचाँमा नचल भनेको छ । संसार पनि अर्को एउटा ब्यबस्था हो । तिमीहरु यि सब कुरामा नपर तर तिमीहरु बिश्वासमा र जीवनको ब्यबस्था अनुसार चल्नुपर्छ । हामीले हाम्रो शरीर र मन परमेश्वरको इच्छाको लागी बिना डर अर्पण गर्न हामी किन सक्छौ ? किनभने परमेश्वरको इच्छा सिद्ध , असल र ग्रहण योग्य छ । परमेश्वरले स्वयम भन्देहुनुहुन्छ ।निंधक्क साथ मेरो लागी तिम्रो शरीर समर्पण गर्न सक्छौ किनकी मेरो इच्छा तिम्रो लागी असल , सिद्ध र ग्रहणयोग्य छ । परमेश्वरको इच्छा हामीलाइ कसरी थाहाँ हुन्छ ? पहिलो पुस्तकको मुठोमा लेखिएको छ । दास्रो पबित्र आत्माले हामीलाइ देखाउछ । परमेश्वरले प्रार्थना द्वारा , परमेश्वरको बचन द्वारा ,सपना द्वारा , दर्शन द्वारा , अगमवाणी द्वारा , यि सबै कुराहरु द्वारा हामीले थाहाँ पाउन सक्छौ । परमेश्वरको इच्छा हर उहाँको छोरा छारीको लागी उहाँको इच्छामा चल्नु हो । जो हाम्रो लागी असल हो । येशुलाइ पनि परमेश्वरले उहाँको इच्छा एक दिनमा देखाउनु भएन हरदिन उहाँमा चल्दा खेरी हर दिन देखाउनु भयो र येशु जब बिहान बिहान प्रार्थना गर्दा खेरी त्यो दिन को लागी त्यहि दिन परमेश्वर बोल्नुहुन्थ्यो । धेरै भिडहरु आएका थिए चंगाइको लागी चेलाहरुले भने गुरु ज्यु धेरै मानिसहरु हजुरलाइ कुरेर बसेका छन् तर येशुले त्यहाँ बसेर बचन बाङ्नु भएन र चंगाइ र चमत्कारको काम गर्नु भएन र येशुले चेलाहरुलाइ भन्नु भयो अब अन्तै तिर जानु पर्छ त्यो येशुले किन भन्नु भयो भने येशुले बिहानै प्रार्थना द्वारा परमेश्वर बाट त्यहाँ नबस र अन्तै जा भन्ने कुरा सुन्नु भएको थियो । येशुले हर दिन उहाँको इच्छामा चलेर चलेर एक दिन उहाँ परमेश्वरको नजरमा सफल हुनुभयो । यसरी नै हामी पनि हर दिन परमेश्वरको इच्छामा चलेर चलेर हिड्नु पर्छ हामीलाइ पनि हर दिन कसरी हिड्नु पर्छ हर दिन पबित्र आत्माले हामीलाइ अगुवाइ गर्नुहुन्छ । बाइबलमा दुइ भाग छन् पुरानो नियम र नयाँ नियम । नियम र करार लाइ हामीले परमेश्वरको इच्छा भनेर पनि बुझ्न सक्छौ । परमेश्वरको पुरानो इच्छा र नयाँ इच्छा पुरानो इच्छा नयाँ इच्छाले तोडिदियो ।

उत्पत्ति २:१६ 16 परमप्रभु परमेश्वरले त्यस मानिसलाई आज्ञा दिनु भयो। परमप्रभु परमेश्वरले भन्नुभयो, "तिमीले कुनै चिन्ता बिना यस बगैंचाको कुनै पनि रुखबाट फलहरु खान सक्छौ।"

परमेश्वरको इच्छा मानिसमा संङकोच नमानी कन बगैचाको सबै फल खाओस् भन्ने हो । तर एउटा रुख असल र खराब ज्ञान दिने फल चाहि नखानु । परमेश्वरको साधारण इच्छा यहि थियो सबै खानु तर एउटा फल नखानु ।

15 तब परमप्रभु परमेश्वरले मानिसलाई लानु भयो अनि बगैंचा खन-जोत अनि हेरचाह गर्न उसलाई राख्नु भयो।

काम गर र मेरो इच्छा पालन गर पालन गरेनौ भने त्यसको असर तिमीहरुको जीवनमा आउछ । पहिलो असर तिम्रो लागी मेरो योजना खतम हुन्छ । मैले तिम्रो लागी राखेको सबै कुराहरु तिमी बाट खोसिन्छ । तेस्रोमा मैले तिम्रो लागी राखेको ठाउ पनि तिमीले गुमाउने छौ । जब आदम र हब्वाले परमेश्वरको इच्छा तोडेको कारण उनीहरुलाइ परमेश्वरले उनीहरु बसेको ठाउ बाट उनीहरुलाइ निकालिदिनु भयो । त्यस पछि उनीहरुले पाएको सबै कुराहरु गुमाउनु पर्‍यो । र साथै परमेश्वरको योजना उनीहरुको जीवन बाट हट्यो । परमेश्वरको पहिलो इच्छा लेखेर दिनु भएन मुख खोलेर भन्नुभयो । पुरानो करार भनेको परमेश्वरले इजरायलीहरुलाइ अर्थात यहुदी जातीलाइ दिएको परमेश्वरको इच्छा पत्र हो ।

प्रस्थान १९:५-६ 5 यसकारण म अहिले तिमीहरूलाई मेरा आज्ञा पालन गर अनि मेरो करार अनुशरण गर भन्छु। यदि तिमीहरूले यसो गर्यौ भने तिमीहरु मेरो आफ्नै मानिसहरू हुनेछौ। सम्पूर्ण संसार मेरो हो।
6 तिमीहरू मेरो लागि पूजाहारीहरूको एउटा विशेष राष्ट्र हनेछौ। मोशा मैले तिमीलाई भनेका कुरा कुराहरू इस्राएली मानिसहरूलाई अवश्यै भन्नुपर्छ।"

परमेश्वरले भन्नुभयो मेरो इच्छा तिमीहरुको लागी यो हो की सबै जाती हरु भन्दा तिमीहरु मेरो पुजाहारी र एउटा बिशेष पबित्र जाती बन । पुजाहारी भनेको उहाँको मन्दिरमा सधै उहाँको पुजा गर्ने हो । यो परमेश्वरको इच्छा यहुदी जातीको लागी थियो । तर जब नयाँ नियममा आए पछि परमेश्वरको पुरानो इच्छा परिबर्तन भयो ।

एफिसी १:३ [3]उहाँले हामीलाई स्वर्गीय स्थानहरूमा प्रत्येक ख्रीष्टमा रहेको आत्मिक आशिष दिनु भएकोछ। हाम्रा प्रभु येशू ख्रीष्टका पिता परमेश्वरमा प्रशंसा।

एफिसी २:६ [6]अनि परमेश्वरले हामीलाई ख्रीष्टसितै उठाएर आफूसित स्वर्गीय ठाउँमा बसाउनु भयो। यसो हुनका कारण हामीहरू परमेश्वरको अनुग्रहले नै बचाइएका छौं। अनि परमेश्वरले हामीलाई ख्रीष्टसितै उठाएर आफूसित स्वर्गीय ठाउँमा बसाउनु भयो। यसो हुनका कारण हामी ख्रीष्ट येशूमा सम्मिलित भएकोले हो।

परमेश्वरले हामीलाइ स्वर्गीय स्थानमा खीष्ट संगै बसाउछु भन्नुभएन उहाँले बसाल्नु भयो । परमेश्वरको नयाँ इच्छामा सबै आशिष खीष्ट येशुमा दिएको छ । अब हामीलाइ यो आशिषहरु सबै दि सकेको कारण हामीले परमेश्वरलाइ धन्यबादको साथ अब म के गरु परमेश्वर संग उहाँको इच्छा सोधेर उहाँको इच्छा अनुसार हामी चल्नु पर्छ । त्यस पछि परमेश्वर आत्मा द्धारा हरदिन हामी संग बोल्नुहुन्छ र उहाँको इच्छा हामीलाइ भन्नुहुन्छ । एकै चोटिमा उहाँ हामी संग भन्नुहुन्न । हरदिन नदेखेको कुरामा बिश्वास गरेर हिड्दा खेरी मात्र आतमा हामि संग बोल्नुहुन्छ ।

गलाती ५:२५ [25]आत्माबाट हामीले नयाँ जीवन पाउँदछौं। जीवनको पथ प्रदर्शनको निम्ति हामीले आत्मालाई पछ्याउनु पर्छ।

आत्मा अर्को शालको लागी अहिले देखी बोल्नु हुन्न । भोलिको लागी पनि बोल्नुहुन्न । आजको लागी मात्र बोल्नुहुन्छ । बिश्वासमा मजबुत हुनु भनेको के हो? जति धेरै हामी परमेश्वर संग हिड्छौ त्यति धेरै हामी परमेश्वरलाइ बिश्वास गर्न सक्छौ । हामी कसैलाइ पनि भरोसा गर्न सक्दैनौ जो संग हामी हिडेकै छैनौ । बिश्वासमा एक्लै हिड्न सकिदैन । यदि हामी बिश्वासमा हिडेको हो भने हामी परमेश्वर संग हिडेका छौ । संसारिक आखाँले हेर्दा हनोक एक्लै हिडेको तर हनोक एक्लै हिडेको थिएन । उ परमेश्वर संग हिडेको कारण परमेश्वरले उसलाइ जीउदै उठाएर आफु संग लानु भयो । यसरी परमेश्वर संग हिड्नको लागी सबै भन्दा पहिला म आफै बिरुद्धमा हुन्छु ।

रोमी ८:७-८ [7]यो किन सत्य हो? किनभने, जब कुनै मानिसको विचार पापपूर्ण स्वभावको अधीनमा हुन्छ तब उ परमेश्वरको विरुद्धमा हुँदछ। त्यस मानिसले परमेश्वरको व्यवस्था मान्दैन अनि वास्तवमा त्यो मानिस परमेश्वरको व्यवस्था पालन गर्न असमर्थ हुन्छ।
[8]ती मानिसहरू जो पापपूर्ण स्वभावको अधीनमा छन् भने परमेश्वरलाई कहिल्यै खुशी पार्न सक्तैन

हाम्रो पुरानो मन परमेश्वरको शत्रु हो । त्यसकारणले यो मनलाइ सैतानले चलाउछ । यदि यो मन छैन भने सैतानले चलाउन सक्दैन । पापको स्वरुपको पुरानो मेरो मन छ त्यो मनले परमेश्वरको बिरुद्धमा बोल्छ । परमेश्वर भन्नुहुन्छ भोलिको चिन्ता नगर तर मेरो मन चिन्ता नै गरीरहन्छ । त्यस कारणले परमेश्वर बाट टाढा लिएर जाने सैतान र संसार मात्र होइन सबै भन्दा पहिला मेरो भित्र रहेको पुरानो मान्छे हो । खास गरी हाम्रो युद्ध हाम्रो मनमा हुन्छ । उद्धार प्राणको हो । यो प्राणमा मेरो इच्छा छ मेरो भाबनाहरु छ । हाम्रो युद्ध बाहिर होइन भित्र हुन्छ । त्यसकारण परमेश्वर भन्नुहुन्छ मेरो इच्छा तिमीहरुले दिन रात खोज्नु आत्माले देखाएको अनुसार गर्नु । नत्र भने तिमीहरु यो आत्मिक युद्धमा हार्छौ ।

२कोरिन्थी १०:३-५ [3]हामी संसारमै बास गर्छौं। तर संसारिक मानिसहरूले झैं हामी लडाइँ गर्दैनौं।
[4]हामी त्यो हतियारहरू लिएर लडाई गर्छौं जुन संसारले चलाउने हतियाहरहरू भन्दा भिन्दै छ। हाम्रा हतियारहरूमा परमेश्वरको शक्ति छ। यो हतियारले शत्रुहरूको बिलयो दुर्ग समेत नाश पार्न सक्छ। हामी मानिसहरूका र्तकहरू नाश गर्छौं।
[5]अनि परमेश्वरको ज्ञानको विरूद्धमा उठेको हरेक अहङ्कारलाई नाश गर्छौं। अनि हामी हरेक विचारलाई पक्रन्छौं र त्यसलाई त्याग्ने वा ख्रीष्टलाई मान्ने बनाउँछौं। हरेक विचारलाई ख्रीष्टको आज्ञपालन गर्नलाई वशमा पार्छौं।

संसारिक किल्लाहरु भनेको हाम्रो मनको इच्छाहरु हो त्यसलाइ हामीले तोड्नु पर्छ । खीष्टको जस्तो आज्ञाकारी हुनको लागी आज्ञा हाम्रो मनलाइ जुन दिन हामी वशंमा पार्न सफल हुन्छौ त्यो दिन देखि हामी परमेश्वरमा बिजयी हुन्छौ । खीष्ट कस्तो आज्ञाकारी हुनुभयो ?

हिब्रु ५:७-९ [7]जब ख्रीष्ट संसारमा हुनुहुन्थ्यो उहाँले परमेश्वरलाई प्रार्थना गर्नुभयो र सहायता माग्नुभयो। त्यहाँ एकैजना मात्र हुनुहुन्थ्यों जसले उहाँलाई मृत्युबाट बचाउनु सकनुहुन्थ्यो र येशूले आँसु र आर्तनाद सहित प्रार्थना गर्नुभयो। येशू नम्र र आज्ञाकारी हुनुहुन्थ्यो, त्यसैले परमेश्वरले उहाँको प्रार्थनाको उत्तर दिनुभयो।
[8]येशू परमेश्वरका पुत्र हुनुहुन्थ्यो तर उहाँले कष्ट भोग्नु भयो र त्यसबाट उहाँले आज्ञाकारी बन्न सिक्नुभयो।
[9]तब नै येशू पूर्ण बनाइनु भयो अनि उहाँको आज्ञा मान्नेहरू सबैको निम्ति अनन्त मुक्तिको स्रोत बन्नुभयो।

येशुले आँसु र कन्धन साथ प्रार्थना गर्नुहुन्थ्यो र साथै येशु परमेश्वरको पुत्र हुदा हुदै पनि उहाँ मानब शरीरमा आउनु भएको कारण धेरै कष्ट भोगेर आज्ञाकारी बन्न सिक्नुभयो । त्यस पछि आज्ञाकारीमा उहाँ सिद्ध तुलाइनुभयो ।

फिलिप्पी२:५ [5]आफ्नो जीवनमा ख्रीष्ट येशूले जस्तै सोच र गर।
[6]ख्रीष्ट आफै हरेक कुरामा परमेश्वर जस्तै हुनुहुन्थ्यो। उनी परमेश्वर बराबरी हुनु हुन्थ्यो। तर उहाँले परमेश्वसित रहेको बराबरीलाई आफ्नो निम्ति राखिनु पर्ने

सम्पत्ति झैं मान्नु भएन।
[7]परमेश्वरसित उहाँको ठाँउ उहाँले छोडिदिनु भयो र मानव हुन जन्मनु भयो अनि सेवक हुनु भयो।
[8]जब उहाँ यस पृथ्वीमा हुनुहुन्थ्यो उहाँले आफैलाई खुबै नम्र बनाउनु भयो। उहाँले मृत्यु अँगाल्न सम्म आज्ञाकारी हुनु भयो अनि क्रूसमा मर्नु भयो।
[9]ख्रीष्टले परमेश्वरको आज्ञा पालन गर्नुभयो यसर्थ परमेश्वरले उहाँलाई उच्च स्थानमा पुर्याउनु भयो। परमेश्वरले ख्रीष्टको नाउँलाई अरू सबै नाउँहरू भन्दा महान बनाउनु भयो।

यहाँ मनको कुरा आयो । आज्ञाकारी हुने मन हुनुपर्छ ।जो खीष्ट येशुमा थियो ।  येशुले मृत्यु सम्मै आज्ञाकारी हुनुभयो । परमेश्वरको इच्छा येशुको माथि यहि थियो जो येशुले आज्ञाकारी भएर पुरा गर्नुभयो तर हाम्रो लागी परमेश्वरको इच्छा अलग्गै हुनसक्छ । येशु जीवनको शुरुवात देखि लिएर जीवनको अन्तिम सम्म अर्थात मृत्यु सम्मै आज्ञाकारी भएको कारण उहाँलाइ उच्च स्थानमा राख्नुभयो र उहाँको नाम सबै नामहरु भन्दा माहान बनाउनुभयो । येशुको मनमा पनि युद्ध चलिराखेको थियो जसले गर्दा बिहान बिहानै आँसु निकालेर बडो क्रन्धनको साथमा मलाइ यो मृत्यु देखि बचाउनुस् भनेर प्रार्थना गर्नुभयो । क्रुसको मृत्यु पापको दण्ड हो । मृत्यु देखि बचाउनुस् भनेको पाप देखि बचाउनुस् भनेको हो । पाप नयाँ नियम अनुसार बिश्वास देखि उत्पन्न नभएको सबै कुरा पाप हो । बिश्वास सुनाइ र सुनाइ परमेश्वरको बचन देखि आउछ । येशुले आँसु बगाएर पिता मेरो कचौरा म बाट हटाइदिनुस् भनेर प्रार्थना गर्नुभयो । र पनि मेरो इच्छामा होइन तपाइको इच्छामा यसरी येशु मृत्यु सम्मै आज्ञाकारी हुनुभयो ।परमेश्वरको हाम्रो लागी के योजना छ त्यो बिश्वास देखि सुनेर बिश्वासमा बिस्तारै बिस्तारै आज्ञाकारीतामा सिद्ध हुनुपर्छ ।

कलस्सी ३:१-३ ब तिमीहरू मृत्युबाट ख्रीष्टसितै उठायौ स्वर्गका ती वस्तुहरू पाउने कोशिशगर जहाँ परमेश्वरको दाहिने तर्फ ख्रीष्टलाई बसाइएकोछ।
[2]स्वर्गकै कुराहरू मात्र सोच, पार्थिव होइन।
[3]तिमीहरूको पुरानो पापमय जीवन मरिसकेको छ, अनि तिमीहरूको बर्तमान जीवन परमश्वरमा ख्रीष्टसित छ।

हामीलाइ कसरी थाहाँ हुन्छ कि हामी साच्चैनै स्वर्गीय स्थानमा बसालिएका छौ । माथिका कुरामा मन लगाउनु र संसारको कुरा बाट अलग हुनु भनेको । हामीले यो संसारमा जे गर्दा पनि यो कुराले माथि मलाइ लाभ हुन्छ कि नास हुन्छ यो प्रस्न पहिला आफ्नो मनलाइ सोध्नु पर्छ । दास्रो कुरा यो काम बाट येशुको महिमा हुन्छ कि मेरो महिमा हुन्छ ? पावलले भने म त बेन्जामिनको कुल देखि हो फरिसी मा फरिसी, हिब्रुमा हिब्रु हो। ब्यबस्थामा र्निदास हो । भनेर त्यसैमा गएको भए अनन्तकालमा उसको नास हुन्थ्यो । तर पावलले संसारको मान सम्मानलाइ हेरेनन् र अनन्त काल को लागी हेरे ।

हिब्रु ११:१ श्वासको अर्थ हो, हामीले आशा गरेका कुराहरूको निश्चित छ। अनि विश्वासको अर्थ हुन्छ हामीले कुनै कुरालाई नदेखेता पनि त्यो वास्तविक छ भन्ने जान्नु।

संसारकौ आसा हामीलाइ थाहाँ छ किनभने त्यो देख्न सकिन्छ । तर बिश्वास त नदेखेको कुराको दृड भरोसा हो । अनन्त काल देख्न सकिदैन र पनि त्यो भरोसा राखेर त्यसको अनुसार चल्नु नै असल बिश्वास हो ।

२ कोरिन्थी ४:१८ [18]त्यसैले हामीले देख्ने नसकिने कुराहरू हामी सोच्छौं तर जे देख्छौं ती विषयमा होइन। प्रत्यक्ष देखिने कुराहरू क्षणिक हुन्छन् अनि हामीले देख्न नसकिने कुराहरू चाँहि सँधैको लागि हुनेछ।

बचनले भन्दछ देखिने कुरा क्षणिक हुन्छन् र नदेखिने कुरा अनन्त काल सम्म रहन्छन् । खीष्टको जीवन म मा छ भने त्यो अनन्तकाल सम्मको लागी हो । मेरो जीवन हो भने क्षणिक हो ।

हिब्रु ११:४ [4]कयिन र हाबिल दुवैले परमेश्वरलाई भेटीहरू चढाए। तर हाबिलको विश्वास थियो, त्यसैले उनले परमेश्वरलाई असल भेटिहरू चढाए। परमेश्वर हाबिलको भेटीहरूले प्रसन्न हुनुभयो। अनि उनको विश्वासको कारणले, उनी असल मानिस कहलाइए। हाबिल मरे तर उनको विश्वास अझै ज्यूँदै छ।

कयिनको बिश्वास बोल्दैन किनभने सैतान मरेको छ तर हाबिल को बिश्वास अफै बोल्छ । र बोलिनै रहन्छ । हाबिल त मर्‍यो तर उसको बिश्वासको बारेमा येशु बोल्दै हुनुहुन्छ । जब बिश्वास आउछ त्यसमा जीवन पनि आउछ । बिश्वास कहिले पनि मर्दैन । जब हामीलाइ पनि परमेश्वरले बिश्वासमा चल्नको लागी र बिश्वासमै जीउनको लागी बोलाउनु भएको छ भने बिश्वासको सिद्धान्तहरु छन् त्यसमा आत्माको अनुसार उहाँको अगुवाइमा हामी हिड्नु पर्छ । आत्मामा चल्नु भनेको खीष्टको जीवन हो । हामीले पनि आत्मामा चल्दा खेरि जीवनमा केहि कुरा पनि गर्दा खेरि खीष्टले यो कसरी गर्नुहुन्छ । के मेरो यो काम बाट पिता परमेश्वर खुसी हुनुहुन्छ कि हुदैन ? बचनमा लेखेको छ बिश्वास बिना परमेश्वरलाइ प्रसन्न पार्न असम्भब छ । जब येशुले बप्तिसमा लिएर पानी बाट बाहिर आए पछि परमेश्वर पिताले भन्नुभयो यिनी मेरा प्रिय पुत्र हुन् । म उ संग अत्यन्त खुसी छु ।

युहन्ना ५:१७[17]तर येशूले यहूदीहरूलाई भन्नुभयो, "मेरो पिताले कहिल्यै काम रोक्नु भएन। अनि यसैले म पनि काम गर्न रोकिदिन।" येशूले यी कुराहरू भन्नु भए पछि, यहूदीहरूले उहाँलाई मार्ने अझ निश्चय गरे।

परमेश्वर पिता संगै येशु काम गर्नु भयो । येशु र पिता दुबै जना संगै काम गरीराख्नुभएको छ  ।

१कोरिन्थी ३:९ 9 हामी केवल परमेश्वरको साथ काम गर्ने खेतालाहरू हौं।अनि तिमीहरू परमेश्वरका खेत जस्तै हौ र घर हौ जो परमेश्वरका हो

येशुले पिता संगै काम गर्नु भयो । बिश्वासी जीवनमा कामहरु छन् त्यो काममा हामी परमेश्वरको सहकर्मिहरु हौ । येशुले भन्नुभयो पहिला म पाप बाट बिश्राम दिन्छु । त्यस पछि तिमीहरुले मेरो जुवा बोक्नुभन्नु भयो । जुवामा दुइ वटा गोरु हुन्छन् काम एउटै हो । र

पनि दुइ जना मिलेर काम गर्छन् । मतलब तिनीहरु एक अर्काका सहकर्मी हुन् । त्यस कारणले हामी पनि परमेश्वरको सहकर्मि भएको कारण हामीले यो बिश्वासको जीवन जीउनको लागी परमेश्वरलाइ सोधेर काम गर्दा परमेश्वर हामी संगै मिलेर त्यो काम गर्नुहुन्छ । पावलले भने म सेवामा निक्लेको छु । म परमेश्वरको सहकर्मि हो । युसुफ पोतिफरको घरमा कमाराको रुपमा काम गर्दा परमेश्वर युसुफ संगै हुनुहुन्थ्यो । त्यतिखेर परमेश्वर युसुफको सहकर्मि हुनुहुन्थ्यो । युसुफलाइ झुटा इल्जाम लगाएर जेलमा हाल्दा पनि परमेश्वर उसको सहकर्मी हुनुहुन्थ्यो । रोमी ३:२७ को अनुसार  बिश्वासको जीवनमा पनि सिद्धान्तहरु छन् । जसमा हामी जीउदा खेरी मृत्युको असर नै हुदैन । बिश्वासमा गरेको काम कहिले पनि मर्दैन । शरीरमा मरे पनि त्यो बिश्वासको काम हाबिलको जस्तै गरी बोल्छ । येशुले भन्नुभयो यदि कोहि मलाइ विश्वास गर्छ भने त्यो मर्दैन तर त्यसले अनन्त जीवन पाउछ । पत्रुसको १ को ९ मा पत्रुसले भन्छन् मेरो बिश्वासको अन्त मेरो प्राणको उद्धार हो । मतलब मेरो इच्छा , मेरो मन , मेरो भाबना सबै येशुलाइ दिएको छु । मेरो सबै कुरा येशु मा बिश्वास गरेर उहाँ को अनुसार जीउछु । पावल जेलमा छ र पनि उसको आत्मामा बिश्राम छ किनभने उसको आत्मा येशुमा सुम्पेको छ । आमेन ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद,धन्यबाद यो समयको लागी धन्यबाद । परमेश्वर हामी कोहि पनि यो बिश्वासको बाटो बाट अलग हुन सक्दैनौ । किनभने तपाइको बचनमा हिब्रु १० को ३८ मा लेखेको छ यदि यो बिश्वासको बाटो बाट अलग भयौ भने तपाइ हामी संग तपाइ प्रसन्न हुनसक्दैन भनेर लेखेको छ त्यसकारणले गर्दा प्रभु ब्यबस्थाको सिद्धान्तमा होइन प्रभु बिश्वासको सिद्धान्तमा निरन्तर चल्नको लागी पिता हजुरले अनुग्रह गर्नुस् प्रभु । त्यो दिन जब तपाइ आउनुहुन्छ त्यति खेर हाम्रो प्राण , शरीर र आत्मा निर्दोस भएर हजुरलाइ समर्पण गनैको लागी तयारीको जीवन दिनुस् प्रभु । हाम्रो मनको सोच बिचार ख्रीष्टको बिचार संग चल्नको लागी हर दिन सहाएता गर्नुस् प्रभु यो सब प्रार्थना येशु मशिहको नाममा आमेन ।*